APPROVED
By kachhipati at 8:36 am, Sep 19, 2010

**सम्पर्कका लागि :**

राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल, फोन : ०१-६९१४५८६
राष्ट्रिय महिला अधिकार मञ्च, नेपाल, फोन : ०१-२१२१०८१
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, फोन : ०१-४३५७००५

APPROVED
By kachhipati at 8:36 am, Sep 19, 2010

# नेपाली कांग्रेसको १२ औं महाधिवेशनका प्रतिनिधिसमक्ष भूमिसुधार तथा महिला अधिकारसम्बन्धी सामाजिक आन्दोलनको

# अपिल



ऐतिहासिक वाचाहरु कुल्चेर बिलाउने कि ?
अभिभारा पूरा गरेर जीवन्त पार्टी बन्ने ?

## स्वर्ण अक्षरमा लेखिएको इतिहास

नेपाली कांग्रेसको बाह्रौं महाधिवेशन भिन्न राष्ट्रिय राजनीतिक परिवेशमा भईरहेको छ। यो महाधिवेशनले मुलुकको राजनीति, अर्थव्यवस्था र सामाजिक रुपान्तरणका विषयमा गम्भिरतापुर्वक छलफल गरी प्रजातान्त्रिक समाजवादको मर्मलाई साँच्चै नै आत्मसाथ गरी रुपान्तरणमुखी नीति तथा कार्यभार तय गर्नु जरुरी छ। काँग्रेस मुलत आठौं महाधिवेशनपछि बैचारिक रुपमा अलमलमा देखिन्छ। यसमध्ये पनि प्राकृतिक स्रोत, मुलत भूमिलाई बुझ्ने विषयमा विचलन नै आएको छ भन्दा अन्यथा हुन्न। काँग्रेसको त्यसअघिका विचारधारा र नीतिहरु भने स्पष्ट र व्यवहारीक पाईन्छन।

नेपाली कांग्रेसको सन् १९५० मा प्रकाशित घोषणापत्रमा लेखिएको छ- वर्तमान अवस्थामा पाँच प्रतिशत व्यक्तिका हातमा देशका अधिकांश जमिन हुनु तथा बाँकी ९५ प्रतिशत व्यक्ति भूमिहीन रहनुलाई नेपाली कांग्रेस अन्यायपूर्ण ठानेर घोर विरोध गर्दछ। नेपाली कांग्रेसको विचारमा त्यस्तो अन्यायपूर्ण बन्दोवस्त हटाएर भूमिको पुनः न्यायपूर्ण वितरण



हुनुपर्छ। नेपालको आर्थिक आधार खेती नै भएकाले वर्तमान अन्यायपूर्ण भूमि वितरणको ठाउँमा न्यायपूर्ण बन्दोवस्त हुनु नेपालका लागि सबभन्दा ठूलो आर्थिक क्रान्ति हुनेछ भन्ने ठहर नेपाली कांग्रेसले गरेको छ। नेपाली कांग्रेस जनतालाई यस क्रान्तिका लागि सचेत गर्दछ। नेपाली कांग्रेसको विचारमा नेपाली जनताको दरिद्रताको सबै कारण नै आजको भूमि व्यवस्था हो। तसर्थ, यसलाई यथाशीघ्र बदल्नु छ। नेपाली कांग्रेसको विचारमा सरकारले ठूलाठूला जमिनदार र विर्तावालको जमिन परिश्रमी किसान वा खेत मजदुरलाई बाँडिदिनुपर्छ। नेपालका जनताको आर्थिक अवस्था जमिनमाथि निर्भर छ। नेपाली कांग्रेस स्वयम् नै नेपालका समस्त जनताको प्रतिनिधि ठान्दै आफूलाई किसान वा खेतमा काम गर्नेहरुको एकमात्र हितैषी ठान्छ। यसरी हेर्दा नेपाली कांग्रेसको पहिलो घोषणापत्रमा उल्लेखित गरिबी, अन्याय र शोषणको मूल कारक भूमिको अन्यायपूर्ण वितरणको सवाल आज पनि उत्तिकै जल्दोवल्दो छ।

सन् १९६० अक्टोबर २७ मा तत्कालीन प्रधानमन्त्री विपी कोइरालाद्वारा भारतको बम्बई सहरमा आयोजित दोस्रो अखिल भारत नेपाल विद्यार्थी सम्मेलनको

उद्घाटनका अवसरमा दिइएको भाषणमा तत्कालीन भूमि व्यवस्थाबाट समग्र समाजमा परेको प्रभाव तथा यसका लागि गर्नुपर्ने कार्यहरु बडो सरल तथा सटिक विश्लेषण यसरी गरिएको छ। सामन्ती व्यवस्था पुरानो समाजको व्यवस्था हो। हामीले जमिनको स्वामित्वका आधारमा हुने शोषण अन्त्य गर्दै जमिनको वास्तविक उपभोग गर्ने व्यक्ति अर्थात् जमिनमाथि किसानको अधिकार सुरक्षित पार्ने लक्ष्यपट्टि कदम चालिरहेका छौं। यो एउटा ठूलो क्रान्तिकारी कदम हो। यो लक्षित क्रान्तिकारी कदमबाट अहिले कायम रहेका जमिनको आधारमा बन्न गएका सम्बन्ध छिन्नभिन्न हुन्छन्। यस कदमले प्रत्येक गाउँमात्र होइन, प्रत्येक परिवारमा समेत प्रभाव पार्दछ। वर्तमान निर्वाचित सरकारद्वारा भएको विर्ता उन्मूलन, अधिक जमिनमाथि लगाइएका कर र किसानलाई रसिद दिलाउने व्यवस्थाले देशमा ठूलो उथलपुथल हुन थालेको छ। इतिहासविरुद्ध विर्तावाल, भूपति र जमिनदारहरु संङ्गठन गर्दैछन्।

विपीले १९६० डिसेम्बर १५ मा तरुण दलको सम्मेलन उद्घाटन सत्रमा कृषि उत्पादनमा वैज्ञानिकीकरणका लागि सामन्ती व्यवस्था नै मूल बाधक हो भनी प्रष्ट



राख्नुभएको थियो। सामन्ती व्यवस्थामा समाजले जमिनको पूर्णरुपमा उपभोग गर्न नसकेका कारण पनि जमिनलाई सामन्ती व्यवस्थाबाट मुक्त गर्न आवश्यक छ। समाजले जमिनबाट जति परिमाणमा उत्पादन प्राप्त गर्नुपर्छ, सामन्ती उत्पादन प्रणालीमा त्यति मात्रामा उत्पादन लिन सम्भव छैन। देशको दरिद्रता अन्त्यका लागि चाल्नुपर्ने सबैभन्दा पहिलो व्यावहारिक कदम सामन्ती उत्पादन व्यवस्थाको अन्त्य हो। कसैले समाजवादमा आस्था राखून् वा नराखून् तर सामन्ती व्यवस्था अन्त्यबिना र जमिनमा काम गर्ने कृषकलाई जमिनमाथिको पूर्ण स्वामित्व उपलब्ध नगराई देशले आर्थिक विकासको प्रथम कदम पनि चाल्न सक्दैन। सामन्ती व्यवस्था अन्त्य भएपछि मात्र कृषि उत्पादनमा वैज्ञानिक दृष्टिकोण अपनाउन सकिनेछ। सामन्ती व्यवस्थाबाट मुक्त भएपछि खेतबारी हरिया हुनेछन्। गाउँको समृद्धि बढ्नेछ र आफ्नो भूमिको स्वामी बनेका स्वतन्त्र कृषक वर्ग स्वतन्त्र नेपाली समाजका बलिया स्तम्भ हुनेछन्।

यसैगरी नेपाली कांग्रेसको १५-५-६७ देखि २०-५-६७ सम्म कलकत्तामा बसेको बैठकले गरेको निर्णय **विश्ले**षण गर्ने हो भने भूमि व्यवस्थाका लागि स्वर्ण

अक्षरमा लेखिएको इतिहास भन्नुमा अन्यथा ठहरिँदैन। सामन्ती व्यवस्था भएका कृषिप्रधान देशमा भूमिसुधारको ज्यादै महत्व हुन्छ भन्ने कुरा निर्विवाद छ। यस कुरालाई ध्यानमा राख्दै नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि नै भूमिसुधार कार्यक्रमलाई सर्वोच्च प्राथमिकता दिँदै आएको छ। भूमिसुधारको मूल लक्ष्य किसानलाई सामाजिक न्याय दिलाउनु र कृषि उत्पादनमा वृद्धि गर्नु हुन्छ तर वर्तमान अवैज्ञानिक एवम् अव्यावहारिक भूमिसुधार व्यवस्थाले उपयुक्त लक्ष्य पूर्तिको सट्टा झन् उल्टो असर परेको छ। भूमिसुधारबाट धुरी खडा गरी बसेका जोताहा किसानले ज्यादै नै कम जमिन पाएका छन्। हदबन्दीभन्दा बढी जमिन या किन्न सक्ने मध्यम वर्गमा बिक्री गरिएको छ या आफ्ना नातेदार र सम्बन्धितका नाममा दर्ता गरी भूमिसुधारको रुप विकृत बनाइएको छ।

हदबन्दीबाट बचेको नगण्य जमिन पनि भूमिहीन वा कम जमिन हुने किसानलाई विनामूल्य वितरण गर्नुको सट्टा बिक्री गरिएको छ। यसरी यस्तो जमिन पनि गरिब र जोताहा किसानले ज्यादै कममात्र पाएका छन्। भूमिसुधारले देशमा उत्साहको वातावरण



ल्याउनुको सट्टा निराशा, असन्तोष र क्षोभमात्र ल्याएको छ। मालपोत घट्नुपर्दछ। अनिवार्य बचत योजना समाप्त गर्नुपर्दछ। किसानले लिएको सबै कृषि ऋणको बोझ सरकारले बहन गर्नुपर्दछ। हदबन्दीभन्दा बढी हुन आएको जमिनको स्वामित्व स्वयम् जोताहा किसानलाई प्रदान गरिनुपर्छ।

## ऐतिहासिक पहल

बिपी कोइराला प्रधानमन्त्रीमा नियुक्त भएपछि जनताको नाममा दिनुभएको पहिलो सन्देशमा भूमिसुधार तथा किसानको कल्याण कार्यक्रम, प्रशासकीय तथा न्यायसम्बन्धी सुधार, अल्पकालीन तथा तत्काल परिणाम तथा लाभ ल्याउन सक्ने योजनालाई विशेष ध्यान दिएर अहिलेसम्म भइरहेको विकास कार्यलाई झन् द्रुत गतिले बढाउने लगायतका विषयलाई प्राथमिकतामा राखिएको थियो।

सुवर्णशमशेरले २०१६ साल असोज १३ गते प्रतिनिधिसभामा विर्ता जग्गा उन्मूलन गरी भूमिकर ठेक्नका निम्ति बनेको विधेयक प्रस्तुत गर्नुभएको थियो। यसका आधारमा ख वर्गको विर्ता उन्मूलन

गरी जोताहा किसानका नाममा गर्ने पहल सुरु गरिएको थियो ।

२०४८ को पहिलो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले चुनावी घोषणापत्रमा जमिनको अवैज्ञानिक हदबन्दी, जमिनमा विद्यमान दोहोरो स्वामित्वको झन्झट तथा किसानलाई बीउ-बीजन, मलखाद, कृषि ऋण, कृषि सेवा, तालिम, सिचाइको सुविधा तथा कृषि उब्जनीको भाउ निर्धारण र खरिद गर्ने संस्थाहरूमा व्याप्त अकुशतला र भ्रष्टाचारले गर्दा कृषि उत्पादन र जमीनको उत्पादकत्वमा वृद्धि हुन नसकिराखेको उल्लेख गरेको छ। यो स्थितिलाई ध्यानमा राख्दै जमिनको हदबन्दी, जमिनमा विद्यमान द्वैध स्वामित्व तथा कृषि सेवा र सुविधा पुऱ्याउने तत्कालीन संस्थागत संरचनालाई वैज्ञानिक र व्यवहारमूलक दृष्टिले नेपाली कांग्रेसको सरकारले पुनर्मूल्याङ्कन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

२०४८ सालमा जगन्नाथ आचार्य भूमिसुधार तथा व्यवस्था मन्त्री हुँदा उद्योगका नाममा लुकाइएका र हदबन्दीभन्दा बढी जमिन खोस्ने, गुठी जग्गाको दुरुपयोग रोक्ने, भूमिमा श्रम गर्नेको स्वामित्व स्थापित



गर्ने र सम्पूर्ण जग्गाको कम्प्युटर अभिलेख तयार पार्ने जस्ता काम थालनी गर्नुभएको थियो। उहाँले गुठी जग्गा किसानको नाममा रैकर गर्ने विधेयक अगाडि सार्नुभएको थियो भने शक्तिशाली तहका जमिनदारको हदबन्दीभन्दा बढीको जग्गा खोस्ने निर्णय लिनुभएको थियो ।

२०५८ सालमा नेपाली काँग्रेसको सरकार हुँदा हदबन्दी ११ विगाह कायम गरिएको थियो। गृहकार्यविना नै उठाइएको यो कदम व्यवहारमा भने लागू भएन ।

## ऐतिहासिक भुल

सन् १९५० देखि नेपाली कांग्रेसका विभिन्न दस्तावेज विश्लेषण गर्दा २०४८ पछिको नेपाली कांग्रेसको औपचारिक दस्तावेजहरुमा जसको जोत उसको पोत भन्ने विषय ओझेलमा पारिएको प्रष्ट देखिन्छ। यो विषयलाई चटक्कै छाडेर द्वैध स्वामित्व अन्त्यको विषयलाई बोकेर हिँडेको पाइन्छ। जसले बेदर्तावाल मोहीमाथि ठूलो अन्याय भएको छ। मूलभूतरुपमा यसपछि नेपाली कांग्रेसमा भूमिसुधारका सम्बन्धमा

आवश्यक बहस र विचार-विमर्श नगरी पार्टी एकोहोरो कृषिसुधारको गलत बाटो समात्न पुगेको देखिन्छ ।

नेपाली कांग्रेसले समाज रुपान्तरणको महत्वपूर्ण शक्तिलाई पछिल्लो दशकमा बिर्सिंदै गएको विश्लेषणले देखाउँछ । भूमिसुधारको पूर्व अडान छाडेर नेपाली कांग्रेस भनेको गरिब, भूमिहीन, साना किसानको पार्टी हैन रहेछ भन्ने पहिचान बन्दै गएको हो कि भन्ने लाग्न थालेको छ। यो पार्टी भूमिसुधारको विरोधी अनि जमिनदारको पार्टी हो भनेर चिनिनु दुखद् पक्ष हो। यसका पछिल्ला दस्तावेज र नेता तथा कार्यकर्ताको अभिव्यक्ति र व्यवहारले यो कुराको पुष्टि गर्दछ। रुपान्तरणको ऐतिहासिक महत्व नबुझ्नाले धेरै पार्टी विलय भएको विश्व इतिहास भुल्ने प्रयास कसैका लागि पनि हितकर बन्दैन भन्ने स्मरण यतिबेला सान्दर्भिक ठहर्छ ।

२०४८ पछि नेपाली कांग्रेसलाई आफ्ना सिद्धान्तबमोजिम नीति तथा कार्यक्रम लागू गर्न प्रशस्त मौका थियो। २०१५ सालको आफ्नो



सरकारभन्दा यो सरकार कयौं गुणा बलियो थियो। तर कांग्रेसले भूमिसुधारको सवाल गम्भीरपूर्वक लिएन । सुकुम्बासी समस्या समाधान गर्न ठोस कदम नउठाएको मात्र हैन, सुकुम्बासी समस्या आफ्नो कार्यभारबाट नै झिकेर बस्यो । जमिन पुनर्वितरणको एजेण्डालाई परिवर्तनको दौरानमा प्राथमिकता दिएन । र द्वैध स्वामित्व अन्त्यको एकलकाटे नीति लागू गर्ने प्रयत्न गर्‍यो। यसले बेदर्तावाल मोहीलाई फेरि भूमिहीन बनायो । अरुको जग्गा कमाएर खान पाउने स्थितिसमेत अन्त्य गरिदियो। अवसर हुँदाहुँदै पनि आफ्नो सरकारको पालामा भूमिसुधारसम्बन्धी कुनै गम्भीर पहलकदमी लिएन। सबैतिरबाट सही ठानिएको बडाल आयोगको प्रतिवेदनसमेत लागू गर्ने सवालमा पार्टी गम्भीर देखिएन ।

नेपाली कांग्रेसकै सरकारका पालामा २० वर्षे दीर्घकालीन कृषि नीति लागू गरियो । यो नीति मूलतः दाताको अत्याधिक प्रभावको परिणाम थियो । जसले कृषि क्षेत्रलाई बजारीकरण गर्ने नाममा वैज्ञानिक भूमिसुधारलाई ओझेलमा पार्‍यो। भूमिसुधारलाई बेवास्ता गरेकाले यो नीतिले कुनै प्रभाव छाडेन र विफल बन्यो। बिपीको गाथा गाइरहने, भाषणमा

बिपी नीतिका कुरा गर्ने तर दस्तावेज, नीति तथा कार्यक्रममा उनले देखाएका बाटा कुल्चेर हिँड्ने कांग्रेसले ती ऐतिहासिक भुलको समीक्षा गरी अघि बढ्नु जरुरी छ ।

नेपाली कांग्रेस भूमि वास्तविक किसानको हुनुपर्छ भन्ने पूर्ववत् आफ्नै अडानबाट पछि हटेर भूमिलाई निजी सम्पत्तिका रुपमा व्याख्या गरेर रमाउनु उसका लागिमात्र हैन, सिङ्गै मुलुकको लागि अभिशाप भएको छ । नेपाली कांग्रेसले भूमिको पुनर्वितरण, किसानलाई जग्गा, भूमिमा भूमिअधिकारबाट वञ्चितको अधिकार भन्दा भू-उपयोग र वैज्ञानिक व्यवस्थापनको कुरामात्र गर्न थालेको छ । भूमि किसानको अधिनत्वमा नगई यसको वैज्ञानिक व्यवस्थापन र उपयोग हुन सक्दैन भन्ने कुरा जानाजान छाडेर भूमि ब्याङ्क जस्ता अवधारणाको पक्षपोषण गर्नु कांग्रेसको भुल हो ।

विस्तृत शान्ति सम्झौतापछि माओवादीद्वारा कब्जा गरिएको करिब एक हजार परिवारको जग्गा फिर्ताको मुद्दालाई महत्वपूर्ण एजेण्डाको रुपमा उठाएको कांग्रेसले दश लाखभन्दा बढी भूमिहीन परिवार, ७ लाखभन्दा बढी मोही परिवार र गरिब किसानको



सवाल कहिल्यै उठाएन । यसले वास्तविक मेहनति जनताले कांग्रेस सीमित धनाढ्यहरुको मात्र पार्टी बन्दै गएको बुझ्नु स्वाभाविक थियो ।

## वर्तमान परिवेश र गर्नुपर्ने काम

नेपाली कांग्रेसले लोकतान्त्रिक समाजवादको आफ्नो सिद्धान्त र पार्टीलाई जीवन्त राख्ने हो भने विगतका भुल आत्मसाथ गर्दै बाह्रौं महाधिवेशनले आफ्नो दस्तावेजमा निम्न कुरा आत्मसाथ गर्दै पारित गरी कार्यान्वयन गरिनुपर्दछ ।

२०१५ सालमा वीरगन्जमा सम्पन्न पार्टीको छैटौं महाधिवेशनले जमिनमा आधारित अर्थव्यवस्था र जमिनमाथि सामन्तहरुको नियन्त्रणमा आमूल परिवर्तन गर्ने उद्देश्यका साथ कांग्रेसले भूमि नीति अघि सारेको थियो । जसमा जमिनमाथि सामन्ती अधिकारको समाप्ति, विर्ता प्रथाको समाप्ति र विर्ता जमिनको राष्ट्रियकरण, जमिनदारी प्रथा उन्मूलन र जसको जोत, उसको पोतको व्यवस्था, जमिन राख्न पाउने अधिकतम सीमा निर्धारण गर्ने उल्लेख थियो *(छैटौं महाधिवेशन, २०१२ द्वारा स्वीकृत घोषणापत्र)* ।

यसको सान्दर्भिकता अहिले पनि उत्तिकै छ। नयाँ संविधानमा जमिनलाई निजी सम्पत्तिभन्दा पनि प्राकृतिक स्रोतका रुपमा आत्मसाथ गरी जमिनमा श्रम गर्नेको स्वामित्व र नियन्त्रणमा कृषियोग्य भूमि रहने व्यवस्था गरिनुपर्दछ। यस्तो संवैधानिक व्यवस्था भएमा मात्र छैटौं महाधिवेशनले पारित गरेका कुरा लागू हुन सक्छ।

राजा महेन्द्रले नेपाली कांग्रेसलाई नै दबाउन र नङ्ग्याउन ल्याएको जमिनदारमुखी भूमि ऐन २०२१ खारेज गरी गरिब, भूमिहीन र मोहीका पक्षमा भूमि ऐन ल्याई कार्यान्वयनमा लैजान कांग्रेसले नेतृत्व लिनु आवस्यक छ।

सरकारमा रहेमात्र होइन, सरकारबाहिर रहँदा पनि नेपाली कांग्रेसले आफ्नो गाविस, जिल्ला र क्षेत्रको भूमिसुधारको खाका प्रस्तुत गरी अरु पार्टीलाई पनि समाहित गरेर भूमिसुधारका योजना र कार्यक्रम कडाइका साथ लागू गर्ने कार्यको नेतृत्व लिनु पर्दछ।

भूमि तथा कृषि अधिकारका विषयमा कार्यकर्तालाई प्रशिक्षित गर्ने र ग्रामीण विकासका नमुना भूमिसुधार



हो भन्ने नीति तथा कार्यक्रमलाई गाउँगाउँ र जिल्लाजिल्लामा लैजानु आवस्यक छ।

नेपालको सिङ्गो अर्थतन्त्र कृषिमा निर्भर भएकाले नवउदारवादी भूमिसुधारको मोडेल भन्दा पनि आफ्नै भूमिसुधारको नेपाली मोडेल विकास गर्न नेपाली कांग्रेसले अरु पार्टीसँग छलफल र बहस गरी भूमिसुधारको यस्तो मोडेल र खाका तयार गरी कार्यान्वयनमा जानु आवस्यक छ।

बिपीद्वारा प्रतिपादित सिद्धान्त र लोकतान्त्रिक समाजवाद मनन् गर्दै नेपालको औद्योगिकीकरण र गरिबी निवारण भूमिसुधारविना सम्भव छैन भन्ने वास्तविकता आत्मसाथ महाधिवेशनमा हुन आवस्यक छ। यसका लागि अनुपस्थित जमिनदार र किसानका हितविपरित काम गर्ने कुनै पनि व्यक्ति नेपाली कांग्रेसको साधारण सदस्यसमेत नरहने व्यवस्था हुनुपर्दछ।

## नेपाली कांग्रेस र महिला अधिकार

नेपाली कांग्रेसले २००६ सालमा पार्टीभित्र महिलाको भातृसङ्गठन निर्माण गरेर महिला अधिकारका सवाललाई उठाउँदै आएको छ।

२०५६ को चुनावी घोषणापत्रमा महिला शिक्षा र सशिक्तकरणका पाटोमा महत्वपूर्ण नीति तथा कार्यक्रम उल्लेख गरिएको पाईन्छ । सामाजिक सुरक्षा र सांस्कृतिक उत्थान अन्तर्गत बृद्धा र विधुवा भत्ताको कार्यक्रम बनाएको र महिलालाई प्रोत्साहन गर्नसबै प्राथमिक विधालयमा न्यूनतम एक महिला शिक्षिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था गरेको छ । महिला साक्षरता अति कम भएका १५ जिल्लाका सबै छात्रालाई मासिक रु.२५ छात्रवृत्तिको व्यवस्था गरी महिला शिक्षालाई प्रोत्साहन गरेको छ । सरकारी कार्यलय वा संस्थानहरुमा महिलाहरुलाई जागिरका लागि निश्चित स्थान सुरक्षित राख्ने नीतिको घोषणा पनि भएको देखिन्छ ।

कांग्रेसले महिला र पुरुषवीच बिधमान आर्थिक, सामाजिक एवं राजनीतिक विभेदलाई न्यून गर्दै महिलाको भूमिकालाई राष्ट्रनिर्माणमा अझ सशक्त बनाउन पैतृक सम्पत्ती सम्बन्धी विधेयक र स्थानीय निकायमा महिलाको निर्वाचित हुने वाध्यकारी कानुनी व्यवस्था बनाउने काम पनि कांग्रेसका महत्वपूर्ण कदमहरु हुन ।



वि.सं. २०६४ को घोषणा पत्रमा भने महिलालाई हितकारी कार्यक्रममा समाहित गर्ने मानसिकताबाट अलि पर गई महिला अधिकारको सुनिश्चितता, सशक्तिकरण र राजनैतिक, प्रशासनिक र नीति निर्माण तहमा समावेशी समानुपातिक प्रतिनिधित्वले ठाउँ लिएको देखिन्छ । यसमा महिला विरुद्धको सवै भेदभावपूर्ण कानूनको अन्त्य र महिला तथा बालिकाविरुद्ध हुने सवैखाले हिंसाको अन्त्य गरिने अठोट पनि पाईन्छ । महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक गर्दै निशुल्क परीक्षण अभियान चलाउदै महिलाका अधिकार सुरक्षित गर्ने कार्य राज्यको प्रमुख कर्तव्य हने कुरा स्पष्टसगं उल्लेख गरिएको छ ।

नेपाली कांग्रेस १२ औं महाधिवेशनमा प्रस्तावित नीति र कार्यक्रमको खाकामा भने सामाजिक विभेदका विरुद्ध र समान अधिकारका निम्ति महिलाको आन्दोलन लोकतान्त्रिक आन्दोलनको मेरुद्धण्ड हो भन्ने नेपाली कांग्रेसको ठहर छ भनिएको छ । त्यसले नयाँ संविधानमा महिलाहरुको समानुपातिक प्रतिनिधित्वको हक, पैतृक सम्पतीमा समान हक तथा आमाको नामबाट नागरिकताको हकलाई सुनिश्चित गर्ने

नेपाली कांग्रेसले अठोट व्यक्त गरेको छ । यसको साथै महिला विरुद्ध हुने यौन शोषण, घरेलु हिंसा र दाइजो प्रथाका विरुद्ध देशव्यापी रुपमा सामाजिक र कानूनी आन्दोलनको अगुवाई नेपाली कांग्रेसले प्रारम्भ गर्दछ भन्दै नेपाली कांग्रेस पार्टी भित्र भने नेपाली कांग्रेसको बाह्रौ महाधिवेशन महिला विरुद्ध हुने यौन शोषण, घरेलु हिंसामा दोषाी कुनै पनि व्यक्ति नेपाली कांग्रेसको क्रियाशील सदस्य बन्न वा रहन नसक्ने वैधानिक व्यवस्थाको घोषणा गर्दै यो सामाजिक आन्दोलनको नेतृत्व गर्ने संकल्प व्यक्त गर्दछ भनिएको छ ।

यी सवै उल्लेखित घोषणा पत्रका प्रावधानहरुलाई हेर्दा नेपाली कांग्रेस भित्र पनि देशमा आएको परिवर्तन संगसंगै विचारमा पनि फरक पाईन्छ । महिलालाई दयाको नजरले  नभई महिलालाई सशक्त बनाई अधिकार स्थापित गर्न तत्पर रहेकोतर्फ सकरात्मक देखिन्छ ।  तर यति हुँदा हुँदै महिलालाई पनि मानव हो र महिलाका अधिकारहरु मानव अधिकार हुन् भनि स्थापित गर्न नेपाली कांग्रेसले पार्टी भित्र र समाजमा पनि अझ्र कसरत गर्न पर्ने देखिन्छ । हिजोकाप्रतिबद्दताहरु केवल कागजमा सिमित हुन



पुगेको र काम सुरु भएकाहरु पनि फत्ते हुन नसकेको छर्लङ्गै छ ।

नेपाली कांग्रेसले महिलाका अधिकार विषयमा हिजोका भुललाई सच्याएर लानका लागि  १२ औं महाधिवेशन एउटा अवसर हो, जो घरिघरि नेपाली कंग्रेस सामु आउँदैन । नेपाली महिलाको अधिकार स्थापित गर्नका लागि केवल फितला र कार्यक्रमिक र राहतमुखी कुराहरु मात्र नगरी सचेत प्रयासका लागि महाधिवेशमा छलफल हुन आवस्यक छ । २०४६ सालमा  ५ प्रतिशत महिलालाई चुनावमा उठाउने नीति लिएर कांग्रेसले ऐतिहासिक भुल गरेको छ । ५ प्रतिशत जिताउने भनेको भएपनि एक हदसम्म राम्रै मान्न सकिन्थ्यो तर यो महिलालाई गरेको अपमान नै हो र यो पार्टीको ठुलो भुल पनि हो । जनसंख्याको आधारमा ५० प्रतिशतलाई जिताउने र स्थान दिनेका साथै महिलामाथि हिंसा गर्ने बादशाह कुर्मी जस्ता सदस्यहरुलाई पार्टीबाट बर्खास्त गर्ने जस्ता प्रयासहरु नेपाली कांग्रेसले गर्न सक्छ । यसका साथसाथै अव बन्ने पार्टीको नीति र कायक्रममा अहिलेको परिवेशलाई विचार गर्दै नेपाली कांग्रेसले  आफ्नो नीति पत्रमा समावेश गरी यसलाई कार्यान्वयनमा

उतार्ने अठोट गर्नुपर्ने बुँदाहरु सामाजिक आन्दोलनकातर्फबाट प्रस्ताव गरिएका छन ।
नयाँ संविधानमा निम्न विषयहरु प्रष्ट लेख्न अगुवाई गर्ने कँङ्ग्रेको महाधिवेशनले सङ्कल्प गर्नुपर्दछ ।

- प्रत्येक महिलालाई लैङ्गिक विभेद विना समान वंशीय हक हुनु पर्दछ ।
- संविधानमा नै भूमिमा महिला किसानको पुर्ण हक हुने व्यवस्था गरिनुपर्दछ । यसको साथै सम्पुर्ण आर्थिक अधिकारमा महिलाको समान हक स्थापित हुनुपर्दछ ।
- समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नहुने संबैधानीक व्यवस्था हुनुपर्दछ ।
- सम्पूर्ण पुर्ख्यौली सम्पतिमा विना लैङ्गिक भेदभाव सबै सन्तानको समान हक हुने किटानी हुनुपर्दछ ।
- सबै परिवारको लागि सुरक्षित आवासको व्यवस्था हुनुपर्दछ ।



त्यस्तै कांग्रेसको नीतिमा निम्न विषय प्रमुखताका साथ आउनु आवस्यक छ ।

- अन्तरिम संविधानमा उल्लेख गरिएका मौलिक हकको पहिचान गर्दै महिलाको शिक्षा, स्वास्थ्य र रोजगारीका अधिकार स्थापित गर्नु पर्छ ।
- महिलाको सम्पत्तिको हकको स्पष्ट र दोहोरा अर्थ नलाग्ने व्यवस्था हुनु पर्छ ।
- समान कामको समान तथा न्यायोचित ज्यालाको सिद्धान्त अनुशार र सिडमा उल्लेख गरिएको सारभूत समानतालाई ध्यानमा राख्दै महिला र पुरुषले गर्ने हरेक किसिमका काममा कुनै पनि भेदभाव हुन हुदैंन ।
- राज्यका नीति तथा सिद्धान्तहरुमा महिलालाई प्रोत्साहन गर्ने र सकरात्मक विभेद, सामाजिक सुरक्षा आदिका आधारमा उल्लेखित हुनु पर्छ ।
- महिलाको संरक्षण, सशक्तिकरण वा विकासको पूर्ण प्रत्याभूतिको अधिकार स्थापित हुनु पर्छ ।

- राज्यको हरेक निकायमा जनसंख्याको आधारमा महिलाको समानुपातिक प्रतिनिधित्वको अधिकार रहनु पर्छ ।
- ९० प्रतिशत जमिनमा श्रम गर्ने महिला कृषकको कृषि जमिनमाथि स्वामित्व, नियन्त्रण र व्यावस्थापन गर्ने हक हुने व्यावस्था गरिनु पर्छ ।
- महिलालाई राष्ट्र र समुदायको प्राकृतिक स्रोत व्यवस्थापन एवं समग्र विकाससम्बन्धी सम्पूर्ण संरचना र लाभको समन्यायिक बाँडफाँडमा समानता र समानुपातिक समावेशी सिद्धान्तहरुका आधारमा सहभागिताको हक हुने व्यवस्था गरिनुपर्छ ।
- प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा महिलाको सहभागिता र प्रतिनिधित्वका साथै प्राकृतिक स्रोतबाट प्राप्त लाभ र अवसरको समन्यायिक बाँडफाँट सुनिश्चित गर्ने कानुन, नीति र कार्यक्रम तर्जूमा गर्नु पर्छ ।
- लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्थाको मूल आधार राजनैतिक दलहरु हुन । उनीहरु



लोकतान्त्रिक, समावेशी तथा पारदर्शी हुन सकेमा मात्र देशमा लोकतन्त्र दिगो हुन्छ । तसर्थ नेपाली काग्रेसको निर्णायक तहदेखि गाँउ इकाइसम्मका सवै तहमा महिलाको समावेशी, समानुपातीक सहभागिता अनिवार्य गर्नूपर्दछ ।

- महिलाहरुले आफू र आफ्नो आधारमा छोराछोरीहरुले नागरिकता पाउने अधिकार सुनिश्चित हुनु पर्छ ।
- सवै सरकारी कागजातमा आमाको नाम अनिवार्य उल्लेख गरिनुपर्छ ।
- कानुनका हरेक पक्षमा महिला समानताको ग्यारेण्टी गर्नुपर्छ ।
- महिलाहरुलाई सुरक्षाको प्रत्याभूति दिनुका साथै घर, समुदाय, कार्यथलो र सार्वजनिक स्थलमा सवै प्रकारको हिंसावाट स्वतन्त्र रहने अधिकार सुनिश्चित गर्नुपर्छ । यौनजन्य दुर्व्यवहार, हिंसा र शोषणबाट महिलाहरुलाई सुरक्षित राख्नका लागि उपयुक्त कानुनी व्यवस्था गर्नुपर्छ ।

- कानुनी प्रावधानहरुको मानवअधिकारमूखी दृष्टिकोणले कार्यन्वयन गर्न संयन्त्रहरु स्थापना गर्नु, क्षमता अविवृद्धि गर्नुका साथै कडा अनुगमन हुन जरुरी छ ।

-